वेदकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिसैया, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं:
च.नं.

सम्पर्क: ०९९-४१३१२१
०९९-४१३१२२

# कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**(सुचना प्रकाशित मिति: २०८२/०४/१४ गते)**

**नेपाल सरकार र स्वीस सरकारबीच द्विपक्षीय सम्झौता अनुसार सञ्चालित सुरक्षित आप्रवासन (सामी)**कार्यक्रम अन्तर्गत वेदकोट नगरपालिका, सिसैया, कञ्चनपुरमा सुरक्षित वैदेशिक रोजगारी सम्वन्धी सूचना प्रवाह गर्न तथा वैदेशिक रोजगारीसंग सम्बन्धित मुद्धामा सहयोग तथा सहजिकरण, मनोसामाजिक परामर्श सेवा, सुरक्षित वैदेशिक रोजगारी सम्वन्धी सचेतीकरण कार्यक्रम सञ्चालन गर्नका लागि निम्नानुसारको जनशक्तिको आवश्यकता भएकोले योग्य नेपाली नागरिकहरुबाट तल उल्लेखित पदका लागि दरखास्त आह्वान गरिएको छ।

१. विज्ञापन नम्बर. ०१/०८२/०८३

| क्र.सं. | पद | पद संख्या | योग्यता |
|---|---|---|---|
| १ | मनोसामाजिक परामर्शकर्ता (पाँचौ तह) | १ | ▪ मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्टवा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वद्यालयबाट पब्लिक हेल्थ/नर्सिंग/मनोविज्ञान/समाजशास्त्र/सोसिएल वर्कमा स्नातक तह, स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उतीर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको।<br>▪ मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम प्राप्त गरी राष्ट्रिय स्वस्थ्य तालिम केन्द्रबाट प्रमाण-पत्र भएको र सोही क्षेत्रमा कामगरेको अनुभवी र महिलालाई विशेष प्राथमिकता दिईनेछ।<br>▪ कम्प्यूटर सम्बन्धी आधारभुत ज्ञान भएको।<br>▪ नेपाली र अंग्रेजी दुवै भाषामा बोल्न तथा प्रतिवेदन तयार गर्ने सक्ने। |
| २ | रिटर्नी स्वयंसेवक | १ | ▪ न्यूनतम् कक्षा ८ पास गरी वैदेशिक रोजगारीवर्ष १ मा गई कम्तीमा (खाडी मुलुक र मलेसिया) काम गरेको अनुभव भएको।<br>▪ सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ।<br>नोट: यो पदको लागि सम्बन्धित स्थानीय तहको हुनु पर्ने छ। |

- **कार्य अवधि:** हाललाई २०८३ असार मसान्तसम्म, कार्यक्रमको आवश्यकता तथा कार्य सम्पादन/मुल्यांकनका आधारमा नवीकरण हुन सक्नेछ।
- **परीक्षाको किसिम** : मनोसामाजिक परामर्शकर्ताको हकमा (लिखित, अन्तवार्ता र प्रयोगात्मक) र रिटर्नी स्वयंसेवकको हकमा लिखित र अन्तर्वार्ता।
- दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको।
- **तलव तथा अन्य सुविधा:** कार्यक्रमको नियमानुसार।
- **आवश्यक कागजातहरु:** माथि उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, अनुभवको प्रमाणपत्रको प्रतिलिपि र पासपोर्ट साईजको फोटो एक प्रति साथै आफुले आवेदन दिन चाहेको पद प्रष्टरुपमा खुलाई हस्त लिखित निवेदन सहित नगरपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ।
- **आवेदन शुल्क:** सि.नं. १ को हकमा रु. ५००। र सि.नं. २ को हकमा रु. ३००। आवेदन शुल्क लाग्नेछ।
- **दरखास्त दिने अन्तिम मिति** : २०८२/०४।२८ गतेका दिन कार्यालय समय भित्र बुझाउन सकिने छ। आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट निवेदन बुझाउन सकिने छ।

प्रमुख प्रशासकीय अधिकृत